# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इटहरी,सुनसरी

## शिलबन्दि बोलपत्र/दरभाउ पत्र आब्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५।०७।१७

यस कार्यलयवाट तपशिल अनुसारको कार्य शिलवन्दी दरभाउ पत्र तथा वोलपत्रको माध्यमद्वारा गराउनु पर्ने भएकोले तपसिलमा उल्लेख भएका शर्तको अधिनमा रहि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सिलवन्दी दरभाउ पत्रको हकमा १५ दिन र वोलपत्रको हकमा ३० दिन भित्र सिलवन्दी दरभाउपत्र तथा वोलपत्र पेश गर्नु हुन संवन्धित सवैको लागी यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू :

१. बोलपत्र फारम वापत रू ३०००। (तिन हजार) र दरभाउ पत्र वापत रु.१०००। -एक हजार) मात्र फिर्ता नहुने गरि यस कार्यालयको राजश्व शाखामा बुझाइ सक्कलै रसिद तथा २०७५ सालको लागी नविकरण गरेको निर्माण व्यवसायी इजाजत प्रमाण पत्र आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाण पत्र,यस नगरपालिकामा दर्ता भएको प्रमाणपत्र तथा मु.अ.कर प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरे पछी सिलवन्दी दरभाउ पत्रको हकमा २०७५।०८।०१. र वोलपत्रको हकमा २०७५।०८।१६ . गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएका सिलवन्दी दरभाउ पत्र तथा वोलपत्र सिलवन्दी दरभाउ पत्रको हकमा मिति २०७५।०८।०२.गते १२ वजे र वोलपत्रको हकमा मिति २०७५।०८।१७.गते१२.वजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ। दर्ता हुन आएका दरभाउपत्र तथा वोलपत्र सोही दिन(दर्ता गर्ने मिति) दिनको २ वजे यसै कार्यालयमा कार्यालय प्रतिनिधी तथा दरभाउ पत्र दाता ,वोलपत्र दाताको रोहवरमा खोलिने छ तर उक्त समयमा दरभाउपत्रदाता वा वोलपत्रदाताको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र वा वोलपत्र खोल्न बाधा पुग्ने छैन

३. बोलपत्र पेश गर्दा तपसिल अनुसारको जमानत रकम यस कार्यालयको ने.वै.लि. इटहरी शाखा स्थित हि.नं. ग ३/०५९०३०००००००००३००००३ खातामा जम्मा गरेको सक्कलै वैंक भौचर वा मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकवाट जारी गरीएको सिलवन्दी दरभाउ पत्रको हकमा ७५ दिन सम्म मान्य हुने र वोलपत्रको हकमा १२० दिन सम्म मान्य हुने अवधिको सक्कलै विड वण्ड पत्र प्रत्येक ठेक्काको लागी छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।

४. बोलपत्रदाता वा दरभाउ पत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखितरूपमा गरेको घोषणा पत्र बोलपत्र वा दरभाउ पत्रसाथ पेश गर्नु पर्नेछ।

५. बोलपत्र तथा सिलवन्दी दरभाउ पत्र पेश गर्दा शिलवन्दी खाम बाहिर कार्यालयको नाम, कामको बिवरण र बोलपत्रदाता फर्मको नाम, ठेगाना र छाप लगाई लाहाछाप लगाएको हुनुपर्ने छ।

६. प्राप्त बोलपत्र तथा सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने घटी वा वढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७. बोलपत्र तथा सिलवन्दी दरभाउ पत्र शर्तरहीत, केरमेट नभएको, कार्यालवाट खरिद भएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ।

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको बोलपत्र तथा सिलवन्दी दरभाउ पत्र माथी कुनै कारवाही हुनेछैन

९. बोलपत्र तथा सिलवन्दी दरभाउ पत्र खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसंग बुझी भरेको मानिनेछ।

१०. बोलपत्र तथा सिलवन्दी दरभाउ पत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा दररेट फरक परेमा अक्षरमा उल्लेख भएको ररकमलाई मान्यता दिईने छ।

११. बोलपत्र तथा सिलवन्दी दरभाउ पत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को भोलि पल्ट सोही समयमा उक्त कार्यहरू हुनेछ।

१२. बोलपत्र तथा सिलवन्दी दरभाउ पत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राखी बुझ्न सकिने छ।

१३. बोलपत्र तथा सिलवन्दी दरभाउ पत्रमा दर रेट उल्लेख गर्दा भ्याट बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ।

१४. बोलपत्र तथा सिलवन्दी दरभाउ पत्रमा कुनै पनि नक्कली कागजात पेश गरेको पाइएमा निज बोलपत्र तथा सिलवन्दी दरभाउ पत्र दाताको वोलपत्र तथा दरभाउ पत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

१५. नियमानुसार नेपाल सरकारलाई लगायत अन्य निकायमा लाग्ने कर दस्तुर आदि सम्पुर्ण बोलपत्रदात तथा सिलवन्दी दरभाउ पत्रदाता स्वयं वेहोर्नु पर्ने छ।

१६. एक फर्मको नाममा खरिद भएको बोलपत्र तथा सिलवन्दी दरभाउ पत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१७. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३, तथा सार्वजनिक खरिद नियमावली २०६४ एवं नेपाल सरकारको प्रचलित कानुन अनुसार हुने छ।

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | स्थान | माध्यम | ल.ई. मु.अ.कर बाहेक | जमानत वापतको रकम |
|---|---|---|---|---|---|---|
| ०१ | ०२/२०७५/०७६ | सार्वजनिक जग्गा घेरावेरा गर्ने कार्य | इटहरी ०९,डि वि यम स्कुल अगाडी | सिलवन्दी दरभाउ पत्र | रू.८४५४८९।३७ | रू २५,०००।०० |
| ०२ | ०३/२०७५/०७६ | कालो पत्रे सडक मर्मत कार्यइ | इटहरी ०९,दिपेन्द्र चौक देखि हेल्थ पोष्ट गेट सम्म | बोलपत्र | रू.३१४१६२५।५० | रू ९०,०००।०० |

प्रमुख प्रशासकिय अधिकृत

इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नि० प्रमुख प्रशासकीय अधिकृत